annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५१ पृष्ठ ८ | काठमाडौं, बुधबार २ माघ २०८१ | मार्ग कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४५ | WEDNESDAY, JANUARY 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



भूकम्पले तहसनहस बनाएको सदरमुकाम खलंगाको थाप्ले क्षेत्र। ● राजेन्द्र कार्की

कभर स्टोरी

# 'महाभूकम्प' को जोखिम कायमै, छैन पूर्वतयारी

**मुलुकमा दैनिकजसो साना–ठूला भूकम्पका धक्का गइरहेका छन् । कति बेला के हुने हो भन्ने त्रासमा जनता छन् । तर, सरकारको पूर्वतयारी भने फिटिक्कै देखिँदैन । 'आगो लागे कुवा खन्न जाने' प्रवृत्तिले भूकम्प लगायतका प्राकृतिक विपत्तिमा देशले ठूलो धनजनको क्षति बेहोरिरहेको छ । भूकम्पविद्हरू पश्चिम नेपाल 'महाभूकम्प' को जोखिममा रहेको बताइरहेका छन् । त्यसैकारण सरकारले अब किन्तु परन्तु नभनी पूर्वतयारी र सुरक्षाका कार्यक्रम तत्काल अघि बढाउनुपर्ने जरुरी छ ।**

समाचार पृष्ठ २

राजेन्द्र कार्की | *जाजरकोट*

– को रिपोर्ट

## संक्रान्तिमा गोरुको घम्साघम्सी



**देवचन्द्र भट्ट** | *(चन्दनी) नुवाकोट*

स्पेनको 'बुल फाइट' को झल्को दिने माघेसंक्रान्ति गोरु जुधाइ महोत्सव मंगलबार सम्पन्न भएको छ। प्रत्येक वर्ष माघेसंक्रान्तिका दिन नुवाकोटको तारुकामा गोरु जुधाउने मेला हुन्छ। देशकै एकमात्र नमुना र पहिचानको रूपमा स्थापित भइसकेको छ। तारुकाको पर्यटकीय गाउँ चन्दनीमा यस वर्ष १४ हल गोरु जुधाइए। तारुकामा गोरु जुधाइ दुई सय वर्ष अगाडिदेखि गरिँदै आएको र आफूले ३९ वर्षदेखि गोरु जुधाउँदै आएको आयोजक समिति अध्यक्ष मदनकुमार श्रेष्ठले बताए।

तारुकाको गोरु मेलाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चा पाइसकेका कारण प्रदेश तथा केन्द्र सरकारले यसलाई राष्ट्रिय संस्कृतिका रूपमा विकास गर्नुपर्ने तारुकाका अगुवा झमबहादुर प्रधानको भनाइ छ। गोरु जुधाइ महोत्सवको बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले उद्घाटन गरेका थिए।

उनले तारुकाको गोरु जुधाइ नुवाकोटको मात्र नभई देशकै पहिचानका रूपमा रहेका कारण यसलाई राष्ट्रियकरण गर्नुपर्ने बताए। उनले तारुकाको गोरु जुधाइ मेलाको संरक्षण र सम्बर्द्धनका लागि प्रदेश सरकार र व्यक्तिगत रूपमा आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

बागमती प्रदेशसभा सदस्य रमेशकुमार महतले गोरु जुधाउने मेला नेपालकै पहिचान भएका कारण यसको सम्बर्द्धनमा तीनै तहको सरकारले प्राथमिकता दिनु पर्ने बताए। तारुकाको चन्दनीका साथै यस वर्ष नुवाकोटका विभिन्न स्थानमा गरी ३० हल गोरुबीच भिडन्त गरिएको छ। चन्दनीमा १४, वेत्रावतीमा १०, पञ्चकन्यामा ६ हलका साथै शेरावगर, तादी, थानसिङलगायतका स्थानमा समेत गोरु जुधाइएका थिए।

मेलामा पञ्चकन्याका निखिल थापाको गोरु प्रथम भएको थियो। थापालाई २० हजार रुपैयाँ दिइएको थियो। दोस्रो भएको गोरुधनीलाई १५ हजार र तेस्रो स्थान ओगटेको गोरुधनीलाई १० हजार रुपैयाँ पुरस्कार दिइएको थियो।

## लाङटाङबाट बर्सेनि करोडौं राजस्व, तर प्राथमिकतामा छैन सरकारको

**हेमनाथ खतिवडा** | *रसुवा*

- सरकारी आम्दानीको स्रोत बने पनि यहाँका पर्यटकीय क्षेत्रमा सरकारले उचित लगानी गरेको छैन।
- चन्दनबारी क्षेत्रमा मोबाइल नेटवर्कसमेत राम्रो छैन।

मुलुकको तेस्रो पर्यटकीय गन्तव्य हो, लाङटाङ। यहाँ बर्सेनि हजारौं स्वदेशी तथा विदेशी पर्यटक पदयात्राका लागि आउने गर्छन्। बर्सेनि करोडौंको राजस्व उठ्छ। तर, सरकारी आम्दानीको स्रोत बने पनि यहाँका पर्यटकीय क्षेत्रमा सरकारले उचित लगानी गरेको छैन। त्यसैकारण यो पदमार्ग उपेक्षित छ।

लाङटाङ, गोसाइँकुण्ड र तामाङ सम्पदा मार्गका गाउँमा बर्सेनि हजारौं पर्यटक आउँछन्। आर्थिक वर्ष ०८०/०८१ मा ३२ हजार ५९७ जना पर्यटक आए। जसबाट ४ करोड १० लाख ५२ हजार ५४६ रुपैयाँ आम्दानी भएको लाङटाङ राष्ट्रिय निकुञ्जको अभिलेखमा छ।

आव ०७९/०८० मा ३० हजार १ सय ५९ जना पर्यटकसँग ४ करोड २४ लाख ७७ हजार २ सय ९५ रुपैयाँ संकलन भयो। लाङटाङ राष्ट्रिय निकुञ्जको कार्यालय धुन्चेका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आव ०८०/०८१ मा पर्यटकबाट ४ करोड १० लाख ५२ हजार ५४६ रुपैयाँ, वन क्षेत्रको रोयल्टी ३४ लाख २० हजार ३७२, दण्ड जरिवानाबाट ५१ हजार १७ गरी ५ करोड, ४३ लाख १९ हजार १२१ रुपैयाँ आम्दानी भएको छ। निकुञ्जले यहाँ घुम्न आउने नेपालीबाट जनही १ सय, सार्क राष्ट्रबाट पर्यटकबाट १ हजार ५ सय र तेस्रो मुलुकका पर्यटकबाट ३ हजार रुपैयाँ लिने गर्दछ।

पर्यटकबाट हुने आम्दानीको तुलनामा यहाँका पर्यटन पूर्वाधार विकासमा सरकारले सन्तोषजनक लगानी गर्न नसकेको पर्यटन व्यवसायीहरूको भनाइ छ। गोसाइँकुण्ड मार्गको चन्दनबारीस्थित होटल रेडपान्डाका सञ्चालक सुब्बा लामा भन्छन्, 'बृहत्तर गुरुयोजना बनाएर विकास गर्नुपर्ने धार्मिक तथा पर्यटकीय क्षेत्र गोसाइँकुण्डमार्गमा सरकारले उचित ध्यान दिन सकेको छैन।' पर्यटक सूचना केन्द्र स्थापना गर्ने काम पनि हुन सकेन।

चन्दनबारी क्षेत्रमा मोबाइल नेटवर्कसमेत राम्रो छैन। चन्दनबारीभन्दा माथि इन्टरनेट सेवा नाममात्रको छ। 'अहिलेको युगमा पनि सञ्चार सम्पर्क सहज नभएपछि पर्यटकलाई कसरी सुविधा हुन्छ ? लामाले भने। पर्यटकलाई आवश्यक सूचना दिने केन्द्र र बिरामी पर्दा आपतकालीन उद्धारमा समेत सरकारले ध्यान दिन सकेको नसकेको व्यवसायीको गुनासो छ।

यहाँ आउने पर्यटकबाट उठेको राजस्व रकम संघीय सरकार मातहतको वित्त आयोगमा जम्मा हुन्छ। सरकारले पर्यापर्यटन विकासमा उचित ध्यान दिन सके स्थानीयको आयमा अझै वृद्धि हुने तथा राज्य कोषमा हुने आय पनि बढ्ने निश्चित छ।

गोसाइँकुण्ड गाउँपालिका-६ का वडाध्यक्ष दावासिदार वाईबा भन्छन्, 'पर्यटकलाई दिनुपर्ने आधारभूत सुविधा मात्र भएर भएन, समयअनुसारका थप सुविधा दिनेतर्फ सरकारले ध्यान दिनुपर्छ। सहज ढंगले हिँड्ने बाटो, ठाउँ-ठाउँमा पर्यटक सूचना केन्द्रको स्थापना र थप पूर्वाधार विकास भएको छैन। राजस्व त उठ्छ तर निकुञ्जले स्थानीय सरकारसँग समन्वय गरेर साझेदारीमा कार्यक्रम गर्नुपर्ने तमाङको भनाइ छ।


संघीयतापछि ३ तहकै सरकारले कर उठाउन थालेको पनि एक दशक हुन लागेको छ। स्थानीय सरकारले होटल, उद्योग दर्ता तथा नवीकरण कर उठाउँछ भने संघीय सरकार र प्रदेश सरकारले पनि कर असुल्छन्, तर कर उठ्ने क्षेत्रको विकासमा लगानी भने गरेको पाइँदैन।

» बाँकी पृष्ठ ३

### पर्यटक संख्या र राजस्व संकलन

▲ राजस्व संकलन
● पर्यटक संख्या

स्रोत : लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय




## विपिनको रिहाइका लागि परराष्ट्रमन्त्रीको दौडधुप

**राधा खनाल** | *काठमाडौं*



हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि परराष्ट्र मन्त्रालयले कूटनीतिक पहल थालेको छ। हमास समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये केहीलाई अपहरण मुक्त गर्न लागेको भन्ने समाचार आएपछि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमाससँग सम्पर्कमा रहेका र युद्धविरामका लागि मध्यस्थता गरिरहेका देशहरूलाई विपिनको रिहाइका लागि थप पहल गरिदिन तीव्रता दिएकी हुन्।

इजरायल हमास लडाइँको १४ महिनापछि गाजामा युद्धविराम हुने लगभग निश्चित भएको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जनाएको छ। युद्धविराम गर्ने सहमतिका लागि इजरायल र हमास दुवै पक्ष सहमति नजिकै पुगेका छन्।

गाजामा युद्धविरामको पहल गरिरहेका दुवैतर्फका मध्यस्थकर्ताहरू मंगलबार राति कतारको दोहामा अन्तिम वार्ताका लागि भेट्ने भएका छन्।

मध्यस्थकर्ताले सोमबार इजरायल र हमासलाई सम्झौताको अन्तिम मस्यौदा बुझाइसकेका छन्। यसलाई इजरायल-गाजा युद्धबिरामको 'ब्रेक थ्रु' पनि भनिएको छ।

मध्यरातमा भएको ब्रेकथ्रुमा हमास, इजरायल, अमेरिकी राष्ट्रपति जो बाइडेनलगायत अन्य छिमेकी देशहरूका प्रतिनिधिहरू भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले बताएका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले कतारमा हुन लागेको मध्यस्थकर्ताको वार्ताका विषयमा सोमबार एक कार्यक्रममा भनेका थिए, 'यो सम्झौताले बन्धकहरूलाई मुक्त गर्ने छ र लडाइँ रोक्ने छ। यसले इजरायललाई सुरक्षा प्रदान गर्न र हमासले सुरु गरेको युद्धमा पीडित भएका प्यालेस्टिनीहरूलाई मानवीय सहायता पुर्‍याउन सहज हुनेछ।'

गत अक्टोबर ७ मा हमासले इजरायलमा आक्रमण गरेयता इजरायलले गाजामा लगातार हमास लक्षित आक्रमण गरिरहेको छ। त्यतिबेला इजरायलमा १ हजार २ सय जना मारिएका थिए। मारिनेमा १० जना नेपालीसमेत थिए। हमासले २४० जनालाई बन्धक बनाएको बताइरहेको छ। त्यसमा नेपालका विपिन जोशी पनि छन्। गाजामा हुन लागेको ब्रेकथ्रुले विपिन जोशीको रिहाइ हुने आशा पलाएको मन्त्री राणाले उल्लेख गरेकी छन्।

मन्त्री राणाले मंगलबार बिहान कतारका विदेश राज्यमन्त्री डा मोहम्मद बिन अब्दुलाजिज अल खुलाइफीसँग फोनवार्ता गरेकी छन्। मन्त्री डा खुलाइफी कतार सरकारका तर्फबाट हमाससँगको शान्तिवार्ताका लागि प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुन्। मन्त्री राणाले कतारका मन्त्री खुलाइफीसँगको फोनवार्तामा हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये केही बन्दीलाई अपहरणमुक्त गर्न लागेको समाचार आएकाले विपिनको रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गरेकी हुन्।

मन्त्री राणाले कतार नेपालको सदैव हितैषी मित्रराष्ट्र रहेको प्रसंग उल्लेख गर्दै कतारले हमाससँगको सम्पर्कमा रहेर शान्ति वार्ताका लागि युद्धविराम गराउन विशेष पहल गरिरहेकाले विपिनको रिहाइका लागि विशेष पहल गरिदिन अपिल गरेकी हुन्। त्यस क्रममा कतारका मन्त्री खुलाइफीले हमासहरूलाई इजरायलसँग युद्धविराममा ल्याउने विषय सकारात्मक रूपमा अघि बढिरहेको र हमासको अपहरणमा रहेकाहरूको मुक्तिका लागि कतार सरकारले पहल गरिरहेको जानकारी गराएका थिए।

खुलाइफीले विपिनको रिहाइका लागि अपिल गर्ने विषय आफूहरूले प्राथमिकतामा राखेको बताउँदै सकेसम्म पहिलो चरणमै र त्यो सम्भव नभएमा बाँकीको रिहाइका क्रममा विपिन अपहरण मुक्त हुने आश्वासन दिएका थिए। यसअघि मन्त्री राणाले इजिप्ट सरकारलाई पनि विपिनको रिहाइमा सहयोग गरिदिन आग्रह गरेकी थिइन्। इजिप्ट सरकार पनि हमासको सम्पर्कमा रहेर युद्धविरामका लागि पहल गरिरहेको छ।

गत साता परराष्ट्रमन्त्री राणाले इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग विपिनको रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गरेकी थिइन्। यसअघि उनले गत सातानै नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग पनि सो आग्रह गरेकी छन्। राजदूत बासले मन्त्री राणासँग हमास समूहले ३४ जनालाई रिहा गर्न लागेको र त्यसमा वृद्धवृद्धा, महिला, बालबालिका र नाजुक स्वास्थ्य अवस्थाका व्यक्ति रहेको समाचार इजरायल सरकारले प्राप्त गरेको जानकारी गराएका थिए। सुदूरपश्चिम विश्वविद्यालयको कृषि तथा विज्ञान संकायमा अध्ययनकै क्रममा 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत अघिल्लो वर्षको भदौमा इजरायल गएका थिए।